दिनुहुनेछ । अबउसो तपाईंले सांसारिक सम्पत्ति खोज्नुहुनेछैन, तर खुदा र खाँचोमा परेका उहाँका जनहरूप्रति समय, सामर्थ्य र पैसा बलिदान गर्न तपाईं इच्छुक हुनुहुनेछ । तपाईंले खुसीसाथ त्यसो गर्नुहुनेछ, किनभने खुदाले तपाईंलाई भौतिक मूर्तिहरूदेखि उद्धार गर्नुभएको छ । खुदाको सेवा तथा जलालको निम्ति तपाईंले उहाँलाई नियमितरूपमा दिनुहुनेछ ।

ईसा मसिहसँगको सङ्गतिमा रहेर गरिने सेवा कति असल हुन्छ, किनकि आफैलाई इन्कार गर्नेले खुदालाई पाउँदछ । खुदाले उसलाई सन्तुष्ट पार्नुहुनेछ, अनि अरूको सेवामै आफूलाई अर्पण गरेर ऊ सन्तुष्ट हुनेछ । खुदा उसको साँचो धन र उसको अनन्त सम्पत्ति बन्नुहुन्छ ।

**अधिक जानकारीको लागि सम्पर्क ठेगाना :**

**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

e-mail :khudakakalam@gmail.com

# कुनै मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो प्राणचाहिँ गुमाउँछ भने उसलाई के लाभ होला र ? (मत्तीको इन्जिल १६:२६)

आज धेरै मानिसहरूको दिमाग वैज्ञानिकीय ज्ञानले भरिएको हुन्छ र तिनीहरू सांसारिक तथ्यहरूसँग परिचित हुन्छन् । "तपाईंको अध्ययनको उद्देश्य के हो ?" भनेर सोधिएमा मजहब वा नैतिकता भन्ने जवाफ नआउन सक्दछ, बरु हामीलाई ठूलो ओहोदामा पुऱ्याउने प्राविधिक ज्ञान र उच्च शिक्षा भन्ने जवाफ पो पाइएला । लक्ष्यचाहिँ फाइदा र आरामदायी जीवनयापन नै हुन्छ ।

अरू मानिसहरू किन्न र बेच्नमै व्यस्त हुन्छन् । महङ्गा वस्तुहरूले तिनीहरूलाई आकर्षण गर्दछन् । परिवारको धनसम्पत्ति बढाउनको निम्ति महिलाहरूले जागिर खान्छन् र आफ्ना छोराछोरीलाई प्रायः बेवास्ता गर्दछन् । पुरुषहरूले आफ्नो कारको आकार र आफ्नो जागिरको प्रतिष्ठामा घमण्ड गर्दछन् तर परिवारको लागि भने थोरैमात्र समय छुट्ट्याउँदछन् ।

वर्तमान आर्थिक अवस्थाले मानिसको लोभ र धनी, महत्वपूर्ण तथा आदरित हुने महत्वाकांक्षा बढाइदिन्छ । तैपनि साधारणतया धेरैजना धनी मानिसहरू बेखुसी हुन्छन् । तिनीहरू लुटिने कुराले डराउँदछन्, तिनीहरूका मनहरू सबैभन्दा बढी फाइदा आउने गरी पैसा लगानी गर्ने तरिकाहरूमा व्यस्त हुन्छन् । तिनीहरूले भौतिकरूपमा सोच्दछन् र आफ्ना हृदय कठोर पार्दछन् । तिनीहरूले गरिबहरू र पिछडिएकाहरूलाई बेवास्ता गर्दछन् । धनीहरूले आफ्नो पैसा बाँड्न चाहँदैनन् । त्यसको सट्टामा गरिबहरूमा ईर्ष्या हुन्छ । तिनीहरू पनि धनी हुन चाहन्छन् र विद्रोह तथा लडाइँहरूमा लाग्दछन् । सामाजिक अवस्थालाई परिवर्तन गराउन दर्शनहरू आविष्कार गरिएका छन् ।

धनको लालसा गर्नु भनेको आफैलाई मूर्ख बनाउनुजस्तै हो भन्ने कुरा मानिसहरू देख्न सक्दैनन् । ज्ञान र धनले मानिसलाई उत्तम बनाउँदैनन् । धनी देशहरू छिट्टै हराइजान्छन् । आउने पुस्ताहरू अल्छी बन्दछन्, धनले सरल तथा भ्रष्ट जीवनशैलीको निम्ति मौकाहरू दिलाउँछ ।

मानिसहरू स्वभावैले मूर्ख हुन्छन् । तिनीहरू परिश्रम गर्दछन्, धेरै पैसा जम्मा गर्दछन् र ठूलो तथा आदरित हुने चाहना गर्दछन् । तैपनि हरेक कुरा क्षणिक हुन्छ । मर्दाखेरि मानिसले सबै कुरा छोड्दछ, उसका सम्मानहरू तथा उसको बैंक खाता पनि । मानिसहरूले दानलाई भन्दा पहिला दातालाई खोज्नुपर्दछ । तिनीहरू वास्तवमै धनी हुनेथिए । किनकि उहाँलाई जान्नु भनेको अनन्त जीवनमा प्रवेश गर्नु र सदासर्वदा रहिरहने धन प्राप्त गर्नु हो । खुदा मोहब्बत हुनुहुन्छ । त्यसैले कसैले जन्नतमा धन प्राप्त गर्न चाहन्छ भने उसले गरिबलाई सान्त्वना दिनुपर्दछ, शरणार्थीहरूलाई हेरविचार गर्नुपर्दछ र सामान्य मानिसहरूको फिक्री गर्नुपर्दछ । मोहब्बत नै अनन्त हुन्छ र त्योबाहेक सबै कुराहरू बितिजानेछन् ।

उठ्नुहोस् र खुदाको नजिक आउनुहोस् । तब तपाईंले आफ्नो गुनेहगार अवस्था थाहा पाउनुहुनेछ । हाम्रा सबै कामहरू र लक्ष्यहरू स्वार्थीपनामाथि आधारित छन् । हामी खुदावन्दमा होइन तर आफ्नै धन र बुद्धिमा भरोसा गर्दछौं । हामीले आफैलाई हानि पुऱ्याउँदछौं र पूर्ण नोक्सानीमा पर्ने जोखिम मोल्दछौं: ***"कुनै मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो प्राणचाहिँ गुमाउँछ भने उसलाई के लाभ होला र ?"*** (मत्तीको इन्जिल १६:२६) ।

न त तपाईंका दुवाहरू, न तपाईंको रोजा, जकात, हज, न बाहिरी नम्रताले नै तपाईंलाई रास्तबाज ठहऱ्याउन सक्दछन् । साँचो खुदाकहाँ नआएर तपाईंले सबै कुरा गुमाउनुभएको छ । तपाईं खुदाकहाँ आउनुहुँदा तपाईंले आफ्नो दयनीय अवस्था, गरिबी र असहायपन थाहा पाउनुहुनेछ । ( पाक) पाक खुदालाई चिन्नुभयो र आदरसहित उहाँलाई सजदा गर्नुभयो भने तपाईं वरकतमय हुनुहुनेछ । तबमात्र तपाईंले खुदाको फज्ल र उहाँको मोहब्बतलाई बुझ्नुहुनेछ जुन चूर्ण हृदयहरूमा खन्याइन्छ ।

खुदाले दया देखाउनुभएर आफ्ना अभिषिक्त (मसह) जन अर्थात् ईसा मसिहलाई यस संसारमा पठाउनुभयो ताकि मानिसले खुदासम्बन्धी सत्यता देखोस् । उहाँले गरिबी र अपमानको जीवन जिउनुभयो । उहाँलाई घृणा गरियो, यद्यपि सबै सामर्थ्य र सत्यता उहाँकै हुन् । उहाँले सबै शारीरिक घमण्डलाई जित्नुभयो र सबै धन तथा जलाललाई त्यागेर उहाँ सबैका दास बन्नुभयो ।

उहाँ खुदामा धनी हुनुहुन्थ्यो र एउटा पनि गुनाह नगरीकन जिउनुभयो । ईसा मसिहले सबै सामाजिक मान्यताहरू उल्ट्याइदिनुभयो । उहाँलाई पछ्याउनुभयो भने खुदाका आत्मा तपाईंको जीवनमा आउनुहुनेछ र तपाईंको कठोर हृदयलाई नयाँ पार्नुहुनेछ । उहाँले तपाईंलाई लोभ र ईर्ष्याको जीवनदेखि मुक्त पार्नुहुनेछ । मसिहको कारणले गर्दा तपाईंलाई क्षमा गरेर खुदा तपाईंका पिता बन्नुहुन्छ भन्ने कुरा तपाईंले पत्ता लगाउनुहुनेछ । उहाँसँग भएका सबै कुरा तपाईंका हुन् । उहाँले तपाईंलाई मोहब्बत गर्नुहुन्छ । तपाईंले पनि उहाँलाई मोहब्बत गर्नुहुनेछ र उहाँलाई शुकरिया दिँदै तपाईंको जीवन उहाँलाई अर्पण गर्नुहोस् ।

उहाँका रूहले तपाईंलाई सबै स्वार्थी विचारहरूदेखि मुक्त पार्नुहुनेछ, अनि तपाईंलाई खुदासँगको मोहब्बतमय सम्बन्धमा राखिदिनुहुनेछ । जन्नत प्राप्त गर्दा तपाईंले संसारचाहिँ गुमाउनुहुनेछ । अनन्त जीवनमा प्रवेश गर्नको निम्ति तपाईंले संसार र त्यसको झूटलाई त्याग्नुहुनेछ ।

अरूसँग भएका सांसारिक कुराहरू तपाईंले हासिल गर्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने कुराले तपाईंलाई केही फरक पार्नेछैन, किनभने अब खुदा तपाईंका पिता हुनुहुन्छ । महङ्गा लुगाहरू तपाईंको निम्ति सबैभन्दा महत्वपूर्ण कुरा हुनेछैनन्, किनभने तपाईंले उहाँको धार्मिकताको वस्त्र पहिरिनुभएको हुन्छ । घमण्डको स्थान नम्रताले लिनेछ । तपाईंले अरूलाई प्राथमिकता